मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ३६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ पुस ८ गते शुक्रबार (Friday, December 23. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

झापामा मोटरसाइकल चोरीका घटना बढे

बिर्तामोड, पुस ७। झापामा एकपछि अर्को गर्दै मोटर साइकल चोरीका घटना बढ्दै गएका छन् ।

बाह्रदशी गाउँपालिकामा पशु सेवा शाखा प्रमुख देवकुमार यादवले प्रयोग गर्दै आएको प्र.१ ब. १०३२ नम्बरको पल्सर मोटरसाइकल चोरी भएको थियो ।

राजगढ घर भएका यादव बाह्रदशी-५ शोभा धमलाको घरमा गाईको उपचार गर्न गएका वखत उनको मोटर साइकल चोरी भएको बताइएको छ ।

उता झापा गाउँपालिका वडा नम्बर ५ राधावस्तीका सूर्यनारायण गणेशको प्र.१.०१.०१२प८०५० नम्बरको

(बाँकी अन्तिम पृष्ठमा)

नेपालमा कोरोनाको नयाँ भेरियन्ट देखिएको छैन: मन्त्रालय

काठमाडौं, पुस ७। नेपालमा छिमेकी मुलुकमा देखिएका कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएको छैन ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले छिमेकी मुलुकमा देखिएको वी.एफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट नेपालमा फेला नपरेको जानकारी दिए ।

उनका अनुसार एक महिनामा देशका विभिन्न ठाउँबाट सङ्कलन गरिएका नमूनाको 'जिन सिक्वेन्सिन' गर्दा वीएफ ७ नामक प्रजातिको भेरियन्ट फेला नपरेको हो । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा ४८ नमूना परीक्षण गर्दा सबैमा ओमिक्रोन भेरियन्ट फेला परेको उनले बताए ।

मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले केही देशमा सङ्क्रमणको नयाँ भेरियन्ट पुष्टि हुँदै फैलिँदै गरेको अवस्थामा मन्त्रालयले निगरानी बढाउने एवम् सम्बन्धित देशसँग समन्वय गर्ने कार्य भइरहेको जानकारी दिए ।

नेपालमा कोभिड-१९ को सङ्क्रमण कम भए पनि विश्वव्यापी रुपमा हेर्दा केही देशहरुमा भने सङ्क्रमणको नयाँ स्वरुप बढिरहेकाले जोखिम रहेको मन्त्रालयले जनाएको छ । हाम्रै छिमेकी देशहरुमा सङ्क्रमणको पछिल्लो अवस्थाबाट हामी सुसूचित हुँदै सजग हुन आवश्यक रहेको उनले बताए ।

कोभिड-१९ को सङ्क्रमणको जोखिम फरक स्वरुपमा देखिरहेकाले पछिल्लो अवस्थालाई मध्यनजर गर्दै मन्त्रालयले सबैलाई मास्कको प्रयोग गर्न, एक अर्काबीच भौतिक दूरी कायम राख्न र व्यक्तिगत तथा हातको सरसफाईमा विशेष ध्यान दिन अनुरोध गरेको छ । मन्त्रालयले सबै सीमानाका विन्दुका स्वास्थ्य सहायता कक्षहरुमा स्क्रिनिङ, निगरानी, सतर्कता एवम् आवश्यक तयारी गर्न आग्रह गरेको छ ।

बिर्ताबजारमा 'एग्रिकल्चर एण्ड कम्युनिटी विल्डिङ'

बिर्तामोड, पुस ७। झापाको बिर्तामोडमा सुविधासम्पन्न सपिङ मल निर्माण शुरु भएको छ ।

बिर्तामोड नगरपालिका-३स्थित बिर्ताबजारमा पाँच करोडभन्दा बढीको लागतमा सुविधासम्पन्न सपिङ मलको निर्माण अघि बढाइएको हो । बिर्ताबजार एग्रिकल्चर एण्ड कम्युनिटी बिल्डिङ निर्माण शुरु गरिएको बिर्तामोड नगरपालिका वडा नं. ३का अध्यक्ष मदन बुढाथोकीले जानकारी दिए । साढे तीन तले बिल्डिङमा ६४ वटा सटर रहने वडाध्यक्ष बुढाथोकीको भनाइ छ । बिर्ताबजारलाई व्यवस्थित र सुन्दर बजारका रुपमा विकास गर्ने उद्देश्यले सपिङ मल निर्माण शुरु गरिएको उनले बताए ।

बिर्ता बजार जिल्लाकै पुराना बजारमध्येको एक हो । यसअघि बिर्ताबजारमा स-साना टहरामा

(बाँकी अन्तिम पृष्ठमा)

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालयः बिर्तामोड, झापा, फोनः ०२३ ५३४३४०

को

शाखा कार्यालय बिर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुनः ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७९/०९/०८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय बिर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/०५/०७ गतेको कारोबार राष्ट्रिय दैनिक तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना मिति २०७९/०७/०४ गतेको अन्नपूर्ण पोष्ट् राष्ट्रिय दैनिक र पूर्वाञ्चल दैनिक एवं ७ (सात) दिने सुचना मिति **२०७९/०७/२९** गतेको कारोवार राष्ट्रिय दैनिक र पूर्वाञ्चल दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	धितोमा रहेको सम्पतिको बिवरण
नाम : सरोज कार्की बाबु : तेजराज कार्की बाजे : नैन सिंह कार्की ठेगाना : बाहुनडाँगी वडा नं. ५, झापा ना.प्र.प.नं. : ०४-०१-७१-०८८९२, झापा	**कोपिला कार्कीको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, बाहुनडांगी गा.वि.स./न.पा. वडा नं. ५, स्थित कित्ता नं. २४७८ को क्षेत्रफल ०-१०-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानतकर्ताहरू

नाम : तेजराज कार्की बाबु : नैन सिंह कार्की बाजे : लोक बहादुर कार्की ठेगाना : बाहुनडाँगी वडा नं. ५, झापा ना.प्र.प.नं. : ०५३१३४०१, झापा	**नाम : कोपिला कार्की** पति : तेजराज कार्की ससुरा : नैन सिंह कार्की ठेगाना : बाहुनडाँगी वडा नं. ५, झापा ना.प्र.प.न. : ०४३००१/८६७, झापा	**नाम : मिना रिजाल** पति : सरोज कार्की ससुरा : तेजराज कार्की ठेगाना : उर्लाबारी वडा नं. ६, मोरङ ना.प्र.प.न. : ०५२००६/१३४८४, मोरङ

धितो लिलामी बिक्रीका शर्तहरू :

१. बोलपत्र आवेदन फारम मिति २०७९/०९/०८ गते शुक्रवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय बिर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०७९/०९/१४ गते बिहीवार कार्यालय समय भित्र शाखा कार्यालय बिर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०७९/०९/१७ गते आइतवार दिउँसो ४:०० बजे शाखा कार्यालय बिर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र शाखा कार्यालय बिर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय बिर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

यो सूचना मिति २०७९/०९/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ ।

राष्ट्रिय सहकारी बैंकमा गिरी सर्वसम्मत

झापा, पुस ७। सहारा नेपाल सहकारी संस्थाका कार्यकारी निर्देशक महेन्द्र कुमार गिरी राष्ट्रिय सहकारी बैंक प्रदेश नं. १को सञ्चालकमा सर्वसम्मत चयन भएका छन् ।

प्रदेश नं. १ बाट सञ्चालकका लागि गिरी र कृष्ण दाहालको उम्मेदवारी रहे पनि दाहालले उम्मेदवारी फिर्ता लिएपछि गिरी सर्वसम्मत भएका हुन् । यसअघि अध्यक्षमा केबी उप्रेती तथा गण्डकी प्रदेश, सञ्चालकमा रामबहादुर जिसी र मधेश प्रदेश सञ्चालकमा विश्वनाथ मण्डलको मात्रै उम्मेदवारी परेपछि उनीहरु निर्विरोध भइसकेका छन् ।

यस्तै योग्यता नपुगेको भन्दै लेखा समिति संयोजक राजु पुरीको उम्मेदवारी खारेज भएपछि लक्ष्मीप्रसाद उप्रेती पनि निर्विरोध बनेका हुन् । प्रदेश सञ्चालकमध्ये बागमतीमा पाँच जना र कर्णालीमा ३ जनाको उम्मेदवारी छ । महिलाका लागि छुट्याइएको लुम्बिनी र सुदूरपश्चिम प्रदेश सञ्चालकमा पनि चार जनाको उम्मेदवारी रहेको छ ।

यसैगरी खुल्ला सदस्यमध्ये चार जनाको लागि ३३ जनाको

(बाँकी अन्तिम पृष्ठमा)

हार्दिक निमन्त्रणा

नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको तेस्रो वार्षिक साधारणसभा आगामी पुस १३ गते बुधवारका दिन हुने भएकाले नेपाल रेडक्रस सोसाइटीका यसस्कर सदस्य, विशिष्ठ तथा आजीवन सदस्य सहित साधारण सदस्यहरुमा पत्रचार गरिएको छ । यदि कुनै कारणवस पत्र प्राप्त नभए यसै सूचनालाई आधारमानी साधारणसभामा उपस्थित भई कार्यक्रमलाई सफल बनाइदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

मिति : २०७९ साल पुस १३ गते बुधवार । समय : विहान ११ वजेदेखि
स्थान : हिमाल सागर पार्टी प्यालेस, बिर्तामोड

सजेश शिवाकोटी — अध्यक्ष
मनोज अग्रवाल — सचिव

नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोड, झापा

पायल्स फिसर, फिस्टुला र ग्याष्ट्रिकको निःशुल्क जाँच

निःशुल्क जाँच, निःशुल्क जाँच काठमाडौंका **एमडी डाक्टर निलकण्ठ उपाध्यय** यही पुस ९ गते शनिवार पायल्स फिसर, फिस्टुला ग्याष्ट्रिक लगायत सम्पूर्ण दीर्घकालीन रोग साथै **डाक्टर भगवान शाह**द्वारा हाडजोर्नी नशा प्याराला इसिसको जाँच तथा परामर्श स्थान ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टङ्ग आयुर्वेद फार्मेसी, राजगढ बस स्टेण्ड दक्षिण, बिर्तामोड

फोन नं. ०२३-५३२३६६, ५९०१६६, ९८०६०००३१३

फोनबाट पनि नाम टिपाउन सकिनेछ ।

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कजा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि. शाखा सुरुङ्गा, झापा

क्र. सं.	कर्जा ग्राहकको नाम (फर्म प्रोप्राईटर/संचालकको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/ पतिको नाम	कर्जा उद्देश्य	बाँकी सांवा रकम रु.	मिति २०७९/०८/२९ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जुरीनामा दिने/ जमानत बस्नेको नाम	कैफियत
१	ओम केशरी एग्रो फर्म एण्ड रिसर्च सेन्टर प्रा.लि., **सञ्चालक, पाण्डव योङहाङ**	शिवसताक्षी १०, झापा	सुकदल	लक्ष्मी प्रसाद	सहुलियतपूर्ण कर्जा	३१९९६९७।७१	१६२६४९।८८	३३६२३४७।५९	चितरानी योङहाङ, पूजा शर्मा, रेगन योङहाङ	
२	सेभेनतिका कृषि फर्म प्रा.लि., **सञ्चालक आयुष्मा बराल**	कनकाई न.पा.०३, झापा		पशुपतिनाथ ढकाल/ अशोक बराल	सहुलियतपूर्ण कर्जा	१२७९५७४५।७७	३७९४४४।६६	१३१७५१९०।४३	हिमादेवी प्रसाई, अशोक बराल	
३	राजकुमार प्रसाई	झापा गा.पा.०६, झापा	चुडामणि	धनपति	सरल कृषि कर्जा	१३४२१०५।२८	६९६५७।९९	१४११७६३।२७	गोमा प्रसाई	
४	चन्द्रकला गृल उद्योग, **प्रो. केवल कुमार कटुवाल**	कनकाई न.पा.०३, झापा	चक्र बहादुर	जित बहादुर	व्यापार कर्जा	३६०००००००	२१६९९६।११	३८१६९९६।११	मनिका कटूवाल	
५	पाथिभारा गृल उद्योग, **प्रो धन बहादुर मुरीमगर**	झापा. गा.पा.०६, झापा	बलविर	टंक बहादुर	व्यापार कर्जा	२०००००००	५७९२५।८१	२०५७९२५।८१	निरु मुरी मगर	
६	ईनुसा ढाका उद्योग, **प्रो. मनिता चेम्जोङ**	कनकाई न.पा.०७, झापा		असलकुमार नेम्वाङ/ खड्गबहादुर चेम्जोङ	सहुलियतपूर्ण कर्जा	६८०००००	१८२२८।०५	६९८२२८।०५	खड्ग बहादुर चेम्जोङ	
७	कार्की गृल उद्योग, **प्रो. हरी प्रसाद कार्की**	बाह्रदशी गा.पा.०४, झापा	मान बहादुर	कर्ण बहादुर	व्यापार कर्जा	२०००००००	५७३४६।३२	२०५७३४६।३२	दिलमाया कार्की, टंकप्रसाद कार्की	
८	हरि प्रसाद कार्की	बाह्रदशी गा.पा.०४, झापा	मान बहादुर	कर्ण बहादुर	आवास कर्जा	१३५०००००	३७७९३।७९	१३८७७९३।७९	दिलमाया कार्की, टंकप्रसाद कार्की	

श्री कृषि विकास बैंक लि.
१ नं.प्रदेश कार्यालय बिराटनगर

'छक्का पञ्जा ४' फागुनमा

छक्का पञ्जा-४ आगामी फागुनमा रिलिज हुने भएको छ। चलचित्रका निर्माता एवम् अभिनेता दीपकराज गिरीले चलचित्रको 'फस्ट लुक' र पोस्टर सार्वजनिक गर्दै फागुन १९ मा चलचित्र प्रदर्शन हुने जानकारी दिए।

चलचित्रले समसामयिक विषयवस्तु नै उठान गरेको उनको भनाइ छ। चलचित्र छायाङ्कनको बाँकी काम पूरा गर्दैछौं- उनले भने। हेमराज विसीको निर्देशन रहेको चलचित्रमा दीपकसँगै दीपाश्री निरौला, केदार घिमिरे, बेनिशा हमाल, निर्मल शर्मा, नीर शाह, मलिना जोशी, राज आचार्यलगायतको अभिनय हुनेछ।

चलचित्रको कार्यकारी निर्मातामा केदारप्रसाद घिमिरे र निर्मल शर्मा छन्। वितरकसँगको सल्लाहमा प्रदर्शन मिति तय गरेका हौं। यसअघि 'सिरिज' जस्तै गरी दर्शकको माया पाउनेमा विश्वस्त छौं- कार्यकारी निर्माता शर्माले भने।

बिर्ताबजारमा ...

स्थानीयले व्यापार व्यवसाय सञ्चालन गर्दै आएका थिए। तर, नगरको अगुवाईमा पाँच करोड ५६ लाख ५३ हजार आठ रुपैयाँको लागतमा अण्डरग्राउण्ड पार्किङसहित सुविधासम्पन्न भवन बनेसँगै स्थानीयले सहज रुपमा व्यवसाय सञ्चालन गर्न सक्ने अपेक्षा गरिएको छ।

२२/२३ मिटर बेस रहेको विल्डिङ २२/२२ मिटरको रहने निर्माण कम्पनीका सञ्चालक सुदीप चम्लागाँईले बताए। दुई वर्षभित्र भवन निर्माण सम्पन्न गर्ने गरी आरएस निर्माण सेवा काभ्रेले निर्माणको प्रक्रिया अघि बढाएको छ। भवन २०८० असोज ६ गतेसम्ममा निर्माण सम्पन्न गरिसक्ने सम्झौतामा उल्लेख छ।

राष्ट्रिय ...

उम्मेदवारी परेकोमा युगेश पौडेलको खारेज भएसँगै ३२ जना बाँकी छन्। महिला खुल्ला ३ पदका लागि ७ जनाको उम्मेदवारी रहेकोमा बिमला शाहको पनि खारेज भएपछि ६ जना बाँकी रहेका छन्। यस्तै लेखा समिति सदस्यमा ५ जना र महिला सदस्यमा ३ जनाको उम्मेदवारी कायम छ।

बैंकको १९औं वार्षिक साधारणसभा पुस १६ गते हुँदैछ। सातवटै प्रदेशमा हुन लागेको वार्षिक साधारणसभामार्फत नयाँ सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने कार्यक्रम अन्तर्गत पुस ६ गतेका लागि उम्मेदवारी दर्ताको समय तोकिएको थियो।

झापामा ...

पल्सर मोटरसाइकल पनि बुधवार राति चोरी भएको छ। घरको आँगनमा दुईवटा मोटरसाइकल राखिएकोमा पल्सर मोटरसाइकल चोरी भएको बताइएको छ। यसअघि नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालको समेत मोटरसाइकल पार्टी कार्यालय बिर्तामोडबाटै चोरी भएको थियो।

घर बिक्रीमा

बिर्तामोडस्थित पाथीभरा टोल रोड नं. ८ शनिश्चरेरोड हाइवेले छोएको १८ धुर जग्गामा बनेको साढे ४ तलाको कमर्सियल घर तु-बिक्रीमा छ।

सम्पर्क :- ९७६५४२३३७८

कर्मचारी आवश्यकता

बिर्तामोडमा सञ्चालित प्रतिष्ठित होटलका लागि निम्न पदहरुमा कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले तु सम्पर्क राख्नुहोला।

१) मेनेजर :- १ जना
(२) मेन सेफ :- १ जना
३) असिस्टेन्ट सेफ :-१ जना
४) वेटर :- २ जना
५) वेट्रेस :- २ जना
६) रुम ब्वाइ :- २ जना
७) रिसेप्सनिष्ट :- २ जना
८) लेखापाल :- १ जना
९) स्टोर किपर :- १ जना

योग्यता : सम्बन्धित काममा दक्ष
तलब : आपसी समझदारीमा
फारम भर्ने अन्तिम मिति : २०७९ पुस १५ गतेसम्ममा

सम्पर्क: **होटल हेवन ग्रान्ड**
बिर्तामोड-५, झापा (फोन : ०२३-५४०६२५/५४०४८२)

कनकाई माध्यमिक विद्यालय

कनकाई नगरपालिका-३, सुरङ्गा (झापा)

आधारभूत तह निम्न माध्यमिक विज्ञान शिक्षक आवश्यकता

पहिलोपटक प्रकाशित मिति -२०७९/०९/०७

यस विद्यालयको निम्न माध्यमिक तहमा रिक्त रहेको सट्टा शिक्षक दरबन्दीमा विज्ञान विषयको शिक्षक नियुक्त गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाइको मिति २०७९/०९/०४को पत्र संख्या २०७९/०८० (वि.व्य. शाखा) च.नं. ५३५ को पत्रानुसार अनुमति प्राप्त भएकाले तपसिलमा उल्लेखित योग्यता पुगेका आवश्यक तालिम प्राप्त नेपाली नागरिकहरूलाई विद्यालयमा हस्तलिखित दरखास्त दिन आव्हान गरिन्छ।

तपसिल

१) विज्ञापन नं. :- ४/२०७९
२) **पद:-** निम्न माध्यमिक तह सट्टा शिक्षक
३) **अध्यापन गर्नुपर्ने विषय :** विज्ञान
४) **शैक्षिक योग्यता:-** विज्ञान मूल विषय लिई +२ उत्तीर्ण वा सो सरह
५) **उमेर हद:-** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
६) **आवश्यक कागजात:-** अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
७) **निवेदन दिने अन्तिम मिति:-** २०७९/०९/२१ गते दिनको ४:०० बजेसम्म (करार सूचीका लागि) २०७९/०९/२८ गते दिनको ४:०० बजेसम्म (करार सूचीका उम्मेदवार नभएमा खुलाका लागि)
८) **परीक्षाको किसिम :** सामान्य परीक्षा-१०० पूर्णाङ्क, विषयगत परीक्षा-१०० पूर्णाङ्क, अन्तरवार्ता- २५ पूर्णाङ्क र प्रयोगात्मक परीक्षा (आवश्यक ठानेमा)- २५ पूर्णाङ्क
९) **परीक्षा तथा अन्तवार्ताको जानकारीका लागि सम्पर्क मिति र स्थान:** मिति २०७९/०९/२९ गते दिनको ४:०० बजेसम्म (विद्यालयमा)।
१०) शिक्षक सेवा आयोग नियमावली ०५७ (संशोधनसहित) को नियम १० अनुसार अयोग्य नभएको व्यक्ति मात्र उम्मेदवार हुन पाउने छ।
११) **निवेदन दस्तुर:-** रु. १,०००/- १२) **सम्पर्क :** ०२३-५५२१२५/९८४२६७२६२६

वल्लभकुमार गौतम
संयोजक, शिक्षक छनौट समिति

र.नं. ३/१/७(७८) ०५३/०५४

Grow with us

श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड, झापाको

धितो लिलामी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०७९।०९।०७

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा लिखित-पत्रमार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्नको लागि पूर्वाञ्चल राष्ट्रिय दैनिकबाट कर्जा चुक्ता गर्ने ३५ दिने सूचना प्रकाशन गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्नतर्फ कुनै पहल नगरी आलटाल गरेको हुनाले कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरी लिनुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त मितिभित्र नतिरे नबुझाएमा प्रचलित कानून बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन र सो दिन सार्वजनिक बिदा परे त्यसको भोलिपल्ट यस संस्थाको कार्यालयमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणममा छ, सोही अवस्था र परिमाणममा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा खरिद गर्न इच्छुक महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, व्याज, हर्जाना तथा अन्य दैदस्तुर असुल उपरका लागि अन्य प्रक्रिया अगाडि बढाइने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचनाद्वारा सूचित गरिन्छ। साथै धितो लेखी दिने र व्यक्तिगत जमानी दिनु हुने सम्पूर्ण महानुभावहरुले समेत यसै सूचनाबाट जानकारी लिनुहुन सूचित गरिन्छ। उक्त दिन सम्बन्धित जग्गाधनी/ऋणीलाई समेत उपस्थितिका लागि अनुरोध गरिन्छ। तर निजहरु अनुपस्थित भएमा लिलामी प्रकृयामा बाधा पुगेको मानिने छैन।

तपशिल

क्र.सं.	ऋणीको विवरण	जग्गाको विवरण	फोटो
१	नाम : फडिन्द्र श्रेष्ठ ठेगाना : मेचीनगर-०९ बाबुको नाम : हर्क बहादुर श्रेष्ठ ठाजेको नाम : कवि बहादुर श्रेष्ठ श्रीमतिको नाम : गोमा श्रेष्ठ	जग्गा धनीको नाम : फडिन्द्र श्रेष्ठ जग्गाको साबिक ठेगाना : धुलाबारी कित्ता नं. : २३२३ र २८७४ क्षेत्रफल : ०-०-१४-० र ०-०-५-०	
२	नाम : बेला राजबंशी ठेगाना : बाह्रदसी-५ बाबुको नाम : गठिया राजबंशी ठाजेको नाम : भवक राजबंशी श्रीमतिको नाम : सेन्जा राजबंशी	जग्गा धनीको नाम : बेला राजबंशी जग्गाको साबिक ठेगाना : चकचकी-०६ कित्ता नं. : १२३० क्षेत्रफल : ०-१-१८-०	
३	नाम : नैन बहादुर लिम्बु ठेगाना : बिर्तामोड-४ बाबुको नाम : गज बहादुर लिम्बू बाजेको नाम : धारमान लिम्बू श्रीमतीको नाम : अमृता लिम्बू	जग्गा धनीको नाम : नैन बहादुर लिम्बु जग्गाको साबिक ठेगाना : पृथ्वीनगर-०८ कित्ता नं. : ४५ र ४६ क्षेत्रफल : १३५० र ५७५०	

नोट: यदि धितो लिलाम बिकी हुन नसकेमा संस्थाले आफै उक्त धितो सदर गरी आफ्ना नाममा नामसारी गरिलिने छ।

कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
जामुनबारी ,झापा
प्रदेश नं.१, नेपाल

माईमेला लगाउने शिलबन्दी दरभाउ-पत्र सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित भएको मिति: २०७९।०९।०८

यस कनकाई नगरपालिकाको वडा नं. ४ महेन्द्र राजमार्ग उत्तर कोटीहोम पश्चिम कनकाई नदीको पूर्वी किनार क्षेत्रमा परम्परागत रुपमा सञ्चालन हुँदै आएको धार्मिक रमाईलो माईमेला (मक्करमेला) यस वर्ष पनि मिति २०७९/०९/२८ गते देखी २०७९/१०/०२ गते सम्म सञ्चालन हुने भएकाले उक्त मेलामा बजार तथा रमाईलो मेला सञ्चालन गर्न ठेक्का लिन इच्छुक व्यक्ति, फर्म, कम्पनीहरुले तपशिल बमोजिमको शर्तभित्र रही शिलबन्धी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

क्र.स.	आय ठेक्का नं.	ठेक्काको विवरण	न्यूनटम् ठेक्का अंक (भ्याट बाहेक)	फारम दस्तुर	फारम बिक्री हुने अन्तिम मिति	फारम पेश गर्नु पर्ने अन्तिम मिति र समय	फारम खोलिने मिति र समय
१.	KANAKAI/IR/ 2079/080-11	माइमेला ठेक्का	रु. ५००००००/-	रु. १०००/-	२०७९।९।२२ गते कार्यालय समयभित्र कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय	२०७९।९।२४ गते १२:०० बजेभित्र यस नगरपालिकाको कार्यालय	२०७९।०९।२४ गते दिनको २.०० बजे

नोट: ठेक्का सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु नगरपालिकाको सूचना पाटीमा वा नगरपालिकाको वेभसाइट www.kankaimun.gov.np मा जानकारी पाउन सकिने छ। योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यापालिकाको कार्यालय, जामुनबारी, झापामा, www.kankaimun.gov.np वा info@kankaimun.gov.np मा सम्पर्क राख्न सकिनेछ।

साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना

परियोजनाको कार्यालय, कनकाई न.पा.-१, जामुनवाडी, झापा

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित भएको मिति २०७९।०९।०८
सिलबन्दी दरभाउ पत्रको सूचना न. 01/SQ/G/NGP/VETMED/079/80

कनकाइ नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा अभियान नेपालको सहजीकरणमा सञ्चालित 'साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना' मा आवश्यक भेटेनरी औषधिहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म वा संस्थालाई यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

सिलबन्दी दरभाउ पत्रको विवरण

क्र.स.	वस्तु र सामग्रीको नाम	जमानत रकम रु.	सिलवन्दी दरभाउपत्र फारम दस्तुर	सिलवन्दी दरभाउपत्र मान्य हुने अवधि	सिलबन्दी दर भाउपत्र खरिद गर्ने अन्तिम मिति र समय	सिलबन्दी दर भाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय	सिलबन्दी दरभाउ पत्र खोल्ने मिति र समय
१.	भेटेरीनरी औषधि	३५,०००/-	१,०००/-	सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुने छ।	२०७९।०९।२२ कार्यालय समयभित्र	२०७९।०९।२३ गते दिनको १२.०० बजे सम्म	२०७९।०९।२३ गते दिनको २.०० बजे

१) सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१, जामुनवाडी, झापामा सम्पर्क राख्न सक्नेछन्।
२) योग्य दरभाउपत्र दाताले मिति २०७९।९।०८ गते सूचना प्रकाशन गरेको मितिले १५ दिन अर्थात २०७९।०९।२२ गतेको दिन कार्यालय समयभित्रमा रु. १०००।- (फिर्ता) नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र, नवीकरण, पान/भ्याट दर्ता, आ.व. ०७८।०७९को करचुक्तासहित लिखित निवेदन साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१, जामुनखाडी, झापामा पेश गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन्।
३) सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट कम्तीमा १६औं दिन अर्थात् २०७९।०९।२३ गते दिनको १२:०० बजेभित्र साझेदारीमा कृषि तथा पाशुपालन उद्यमशीलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१, जामुनवाडी, झापामा पेश गर्नुपर्नेछ। उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र स्वीकार गरिनेछैन।
४) प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७९।०९।२३ गते दिनको २:०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताको प्रतिनिधिहरुको रोहबरमा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास परियोजनाको कार्यालय कनकाई नगरपालिका-१, जामुनवाडी, झापामा खोलिनेछ। दरभाउपत्र मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ४५ दिन हुनुपर्नेछ। दरभाउपत्रको साथ रु. ३५,०००।- (अक्षरेपी पैतीस हजार रुपैयाँ मात्र) दरभाउपत्र जमानत अनिवर्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तीमा पनि ३० दिन बढी हुनुपर्नेछ। दरभाउपत्र दाताले जमानत वापत नगदै राख्न चाहेमा मा[illegible] बैंक लि सुरङ्गा शाखामा रहेको साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता वि[illegible]रियोजनाको चल्ती खाता नं. १५००९९०६२२५०००१६मा त्यस्तो रकम जम्मा गर्न स[illegible] रकम जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।
५) [illegible]पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्य[illegible]को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा द[illegible] तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरि[illegible]

दरभाउपत्र सम्बन्धी जानकारीका[illegible]

साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिल[illegible] विकास परियोजनाको कार्यालय
कनकाई नगरपालिका-१,जामुनवाडी, झापा, का[illegible]को सम्पर्क नं. ९८१०२०१०५१

र.नं. ३/१/७(७८) ०५३/०५४

Grow with us

श्री सतासी बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड, झापाको

कर्जा तिर्ने ३५ दिने सूचना

प्रकाशित मिति : २०७९।०९।०७

यस संस्थाका तपसिलमा उल्लेखित सदस्य ऋणीहरुले तमसुक अनुसारको तोकिएको समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज नतिरी नबुझाई ऋण सम्बन्धी शर्त उल्लंघन गर्नु भएको तथा पटक-पटक लिखित तथा मौखिक तागेता गर्दा समेत ऋण भुक्तान नगर्नु भएको हुनाले यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्रमा कर्जा चुक्ता गर्नुहुनको लागि सूचना प्रकाशन गरिएको छ। यो सूचनामा उल्लेख भएको अवधि भित्रमा चुक्ता गर्नुपर्ने साँवा ब्याज तथा अन्य दस्तुर भुक्तान नभएमा संस्थाको नियम अनुसार धितो लिलामी प्रकृया गरिने छ।

तपशिल

क्र.सं.	ऋणीको नाम थर	ठेगाना	बाबुको नाम	बाजेको नाम	पति/पत्नीको नाम	फोटो
१	ऋषिराज रिजाल	बिर्तामोड-४	दाताराम रिजाल	हेमलाल रिजाल	तारा मिश्र	
२	पदमबहादुर तामाङ	बिर्तामोड-५	बिरबहादुर तामाङ	धनबहादुर तामाङ	गंगामाया तामाङ	
३	ग्याबक मेलुङ तामाङ	बिर्तामोड-५	पदमबहादुर तामाङ	बिरबहादुर तामाङ		
४	निर्मला देवी राई	अर्जुनधारा-७	दिलप्रसाद राई	दिलबहादुर राई	रामकुमार राई	
५	गंगा धिमाल	अर्जुनधारा-७	बलबहादुर धिमाल	माना धिमाल	राजेन्द्र धिमाल	
६	बेचन तुराहा	अर्जुनधारा-८	पालीचन तुराहा	दयालाल तुराहा	रेखा तुराहा	
७	बेनप्रसाद बिमली	कनकाई-५	भगीरथ बिमली	कपिलमणि बिमली	टीकादेवी बिमली	
८	नन्दनीदेवी मण्डल	कनकाई-१	गोष्ट मण्डल	धनु मण्डल	प्रेमलाल मण्डल	
९	अनिता श्रेष्ठ	मेचीनगर-६	भिमप्रसाद कार्की	डुकबहादुर कार्की	एकराज श्रेष्ठ	

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्र[illegible]क : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी [illegible] डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अ[illegible]-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

चुनौतिका माझ अबको सरकार

आगामी सरकारको नेतृत्व कसले गर्ने भन्ने प्रारम्भिक चित्र देखिइसकेको छ । सत्तारुढ गठबन्धन मध्येको ठूलो दल नेपाली काग्रेस, नेकपा एस र प्रतिपक्षी दल नेकपा एमालेले संसदीय दलको नेताको टुंगो लगाइसकेका छन् भने माओवादी केन्द्रले पनि पार्टी अध्यक्षलाई नेता बनाउने पक्का जस्तै छ । त्यस बाहेकका दलहरुले पनि संसदीय दलको नेतामा पार्टी अध्यक्षलाई नै निर्विरोध निर्वाचित गरिसकेका छन् । त्यस हिसाबले भावी सरकारको नेतृत्व तिनै संसदीय दलका नेतामध्येबाट एक जनाले गर्ने भएकाले नेतृत्वको चित्र प्रष्ट छ । यद्यपि संसदीय दलका नेताहरुमध्ये एक जनाले सरकारको नेतृत्व गर्नेछन् जसका लागि दलहरुले भेटघाट, छलफल र संवादलाई तीब्र बनाएका छन् ।

सवैधानिक व्यवस्था अनुसार संसदमा प्रतिनिधित्व गर्ने दलहरु मध्ये बहुमत प्राप्त गर्ने दलले सरकारको नेतृत्व गर्नुपर्छ । तर, यसपटक नेपाली मतदाताले कुनै पनि दललाई विश्वास गरेका छैनन् । त्यसो हुँदा मिलीजुली सरकार बनाउन दलहरुलाई बाध्यता छ । यही बाध्यताका बीच संसदमा पहिलो बनेको नेपाली काग्रेसले सरकार बनाउने पहल थालेको छ भने गठबन्धनभित्रकै माओवादी केन्द्र पनि आफ्नै नेतृत्वमा सरकार बनाउने प्रयासमा लागेको छ । त्यसरी नै प्रमुख प्रतिपक्षी नेकपा एमाले गठबन्धन टुटाएर भए पनि सरकार गठन गर्ने दाउमा रहेको छ । दलहरुको यो प्रयास र सक्रियता विपरीत आम मतदाता भने आफ्ना इच्छा, आकांक्षा र अपेक्षाको पूर्णताको खोजीमा छन् । त्यसैले अब बन्ने सरकार पनि स्थिर, आशा र भरोसा गर्न सकिने र स्थायी बन्नेमा आशंका छ ।

अब बन्ने सरकारले शुरुमै चुनौतिको सामना गर्नुपर्ने पनि पक्का छ । दलहरुमा मिलीजुली सरकार सम्बन्धी संस्कार नै छैन । विगतका उदाहरण नै संस्कार शुन्यताका नमूना हुन् । सानो कुरामा दल फुटाउने, नयाँ दल गठन गर्ने, सरकार ढाल्ने जस्ता चरित्रले गठबन्धनको सरकारले स्थायित्व प्राप्त गर्दैन भन्न गाह्रो छैन । अझ यसपटकको संसदमा संघीयता बिरोधी शक्तिको प्रभाव विस्तार भएको छ । यस्तोमा संघीयतालाई संस्थागत र कार्यान्वयन गर्ने विषय चुनौतिपूर्ण नै हुन्छ । पहिलो पटक राष्ट्रिय राजनीतिमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र संघीयता बिरोधी पहिचान बनाएको राप्रपा र अभिव्यक्तिले फरक दृष्टिकोण प्रकट गर्ने एमाले नेताहरुका विचारले पनि संघीयताको कार्यान्वयन त्यति सहज छैन । नयाँ सरकारका लागि संकटोन्मुख नेपाली अर्थतन्त्र पनि चुनौतिका रुपमा छ । निरन्तर ओरालो लागेको अर्थव्यवस्थालाई नियन्त्रण नगर्ने हो भने त्यसले झनै जटिल परिस्थिति ल्याउने पक्का छ । संघीयताका नाममा भइरहेको खर्च, बेरोजगारी र मूल्यवृद्धि लगायतका चुनौतिको सामना गर्न नसक्ने सरकारलाई आउने दिन थप चुनौतिपूर्ण हुनेछ । त्यसैगरी खासगरी भारत र चीनसँग र त्यसपछि विश्व समाजमा नेपालको गिर्दो साख र विश्वासलाई सन्तुलनमा राख्न र बढाउन सक्ने कुशलता र कुटनीतिक क्षमताको अभावले सरकार टिकाउन चुनौति नै छ । त्यसैले यस्तो समयमा सरकार बनाउन, टिकाउन, स्थिरता र स्थायित्व दिन नेतृत्वले जनादेशको सम्मानसँगै गम्भीर ढंगले पाइला चाल्नु पर्दछ ।

राजनीतिक तरलताका बीचमा प्रधानमन्त्रीको खोजी

डा. केशव देवकोटा

राष्ट्रपति विद्यादेवी भण्डारीले पुस ३ गते आइतबार नयाँ सरकार गठनका लागि सात दिनको समय दिएर दलहरूलाई आह्वान गर्नुभएपछि देशको सत्ता-राजनीति एकाएक तरल भएको छ। संसद्मा प्रतिनिधित्व रहेका १२ वटा दलहरूले जसरी पनि गठबन्धन बनाएर आगामी १० गते आइतबार अपरान्ह ५ बजेभित्र प्रधानमन्त्री पदको दाबी गरिसक्नुपर्ने भएको छ। नयाँ सरकार गठनका लागि राष्ट्रपतिबाट नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्न राष्ट्रपतिबाट आह्वान भएको छ। तर, दलहरू भने आ-आफ्नो दलको संसदीय दलको नेताको चयनका लागि अग्रसर भएका छन्।

यसअघि पनि ०७८ असारको अन्तमा राष्ट्रपतिबाट उपरोक्त संवैधानिक प्रावधान अनुसार सरकार गठनका लागि आह्वान हुँदा एमालेका माधवकुमार नेपाल लगायतका केही सांसदहरूले आफ्नो पार्टीको संसदीय दलको सहमति र स्वीकृति बेगर नै कांग्रेसको संसदीय दलको नेतामा रहिरहनुभएका शेरबहादुर देउवालाई समर्थन गर्दा सो प्रकरण अदालतसम्म पुगेको थियो। संविधानमा संसद बाहिरबाट प्रधानमन्त्रीको चयन हुन नसक्ने स्पष्ट व्यवस्था हुँदाहुँदै संसद बाहिरबाटै प्रधानमन्त्री तोक्ने, संसदको बैठको मिति तोक्ने र दलबदललाई मान्यता दिँदै राष्ट्रप्रमुखलाई समेत निर्देशात्मक आदेश दिने काम भएको थियो। यसपटक पनि राष्ट्रपतिले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्रीमा दाबी गर्न बोलाओट गर्नुभएको छ। दलहरू भने संसदीय दलको नेता छनोट गरेर प्रधानमन्त्रीको दाबी गर्ने प्रयासमा लागेको देखिएको छ।

एउटा पार्टीको संसदीय दलको नेतालाई प्रधानमन्त्री बनाउन अर्को दलले समर्थन गर्ने हो भने सो दलको संसदीय दलको औपचारिक निर्णय भएको हुनुपर्दछ। राष्ट्रपतिले नयाँ सरकार गठनका लागि आह्वान गरेकै दिन बसेको नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समिति बैठकले आफ्नै पार्टीका नेताको नेतृत्वमा सरकार बनाउन पहल गर्ने निर्णय गरेको छ। यसैको आडमा खासगरी कांग्रेसका सभापति तथा प्रधानमन्त्री देउवाले पार्टीको संसदीय दलको नेतामा आफूलाई सर्वसम्मत चयन गराउने प्रयास थाल्नुभएको देखिएको छ।

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले पार्टीको संसदीय दलको नेतामा स्वभाविकरूपमा पार्टीका सभापति एवम् प्रधानमन्त्री देउवालाई सर्वसम्मत बनाउन पहल हुने जानकारी पनि दिइसक्नुभएको छ। नेपाली कांग्रेसको संसदीय दलको नेता चुन्नका लागि पार्टीका सहमहामन्त्री भीष्मराज आङदम्वेको नेतृत्वमा गठित निर्वाचन समितिले आफ्नो प्रक्रियाको थालनी पनि गरेको छ। कांग्रेसभित्रका विभिन्न समूहहरू आ-आफ्नो समूहको पक्षमा मताकर्षण लागेका छन्। जसले गर्दा कांग्रेसको संसदीय दलको नेताको चयन सर्वसम्मत नभएर निर्वाचनै गर्नुपरेको छ। पछिल्ला दिनमा कांग्रेसले प्रमुख पदहरू आफू लिएर अन्य पदमात्र गठबन्धनका दलहरूलाई दिने सम्भावना देखिएको छ। कूल ८९ सदस्यसंख्या रहेको नेपाली कांग्रेसभित्र पार्टीका सभापति देउवासहितका आधादर्जन नेताहरू संसदीय दलको नेताको आकांक्षी देखिए पनि संसदीय दलको नेतामा गगन थापा र देउवाबीच प्रतिष्पर्धा भएको थियो। जसमा देउवाले संसदीय दलको नेतामा आफूलाई निर्वाचित गराउन सफल भए।

यसै मेसोमा कतै नेपाली कांग्रेस प्रधानमन्त्रीको चयन अगावै विभाजन त हुँदैन भन्ने आशङ्काहरू पनि देखिन थालेका छन्। राष्ट्रपतिले नयाँ सरकार गठनका लागि आह्वान गर्दै गरेको अवस्थामा संसदको तेश्रो दल माओवादी केन्द्रले पनि आफ्नो पार्टीको बैठक गर्दै पार्टीका अध्यक्षलाई प्रधानमन्त्री बनाउने र हालको सत्ता गठबन्धनभित्र सबै पदहरूको प्याकेजमा सहमति खोज्नुपर्ने निश्कर्ष निकालेको छ। एकैदिन कांग्रेसले आफ्नो सभापति र माओवादी केन्द्रले आफ्नो पार्टीका अध्यक्षलाई प्रधानमन्त्री बनाउने निर्णय गरेका कारण सत्ता गठबन्धनमा आन्तरिक विभाजन भएको छ। जसले गर्दा नयाँ सरकार गठनमा एमाले निर्णायक हुने देखिएको छ।

नयाँ सरकार गठनका सन्दर्भमा एमालेले तीन वटा चाल चलेको देखिन्छ। एकथरी नेताहरू एमाले अब प्रतिपक्षमा बस्नुपर्छ भन्ने छन्। अर्कोथरी माओवादी केन्द्रका अध्यक्षलाई प्रधानमन्त्रीमा समर्थन गर्ने पक्षमा छन्। त्यसैगरी केही नेताहरू नेपाली कांग्रेससँग मिलेर सरकार बनाउनुपर्ने पक्षमा देखिएका छन्। एमालेले कांग्रेसका सभापति र माओवादी केन्द्रका अध्यक्ष दुबैलाई प्रधानमन्त्री पदमा समर्थन गर्ने ढोका खुल्ला राखेको छ। त्यसैगरी कांग्रेस र माओवादी केन्द्रले पनि आ-आफ्नो पार्टीको सम्भावनाको ढोका खुल्ला गरेका छन्। प्रधानमन्त्रीको चयन हुने केही मिनेटअघिसम्म पनि यसै हुन्छ भनेर भन्न सकिने अवस्था छैन।

एमाले र माओवादी केन्द्रका नेताहरू हालसम्म अनौपचारिक छलफलमै रहेको देखिएको छ। निर्वाचनको सम्पूर्ण परिणाम आएलगत्तै एमालेका अध्यक्ष केपी ओलीले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई फोन गरेर बधाई आदान-प्रदान गर्नुका साथै विगतमा जे-जस्तो भएको भएपनि अब मिलेर सरकार गठन गर्न आग्रह गर्नुभएको थियो। त्यसपछि एमाले र माओवादी केन्द्रका जिम्मेवार एवम् महत्वपूर्ण नेताहरूका बीचमा विभिन्न चरणमा भेटघाट भइरहेको देखिएको/सुनिएको छ।

एमालेका अध्यक्ष ओली माओवादी केन्द्रका अध्यक्ष दाहाललाई प्रधानमन्त्री बनाउन तयार रहेपनि माओवादी केन्द्रले सत्ता गठबन्धन त्यागेको घोषणा गर्नुपर्ने शर्त अगाडि सार्नुभएको छ। तर माओवादी केन्द्रले तत्कालै त्यस्तो घोषणा गर्न सकेको छैन। त्यसैगरी एमाले र कांग्रेसका नेताहरूले पनि विभिन्न चरणमा वार्ता गर्दै आएको देखिएको छ। देशमा आगामी पाँच वर्षसम्म टिक्न सक्ने स्थायी सरकार हुनुपर्छ भन्नेहरूले कांग्रेस र एमालेलाई मिलेर सरकार गठन गर्न दबाब बढाएको पाइन्छ। साना दल र स्वतन्त्रहरूको दौड सबैतिर समान ढङ्गले भइरहेको देखिएको छ। सबैले सरकारमा जानका लागि आ-आफ्ना माग अगाडि सारेका छन्। कांग्रेसको ८९, माओवादी केन्द्र ३२, एकीकृत समाजवादीको १०, लोसपाको चार, राजमोको एक, नागरिक उन्मुक्तिको तीन गरी हुने १३९ ले मात्र सहजै सरकार बन्न सक्ने देखिएको छैन। अझै थप दलहरूको खोजी गर्नुपर्ने अवस्था आउन सक्छ। एमाले र माओवादी केन्द्रका बीचमा गठबन्धन भएमा उनीहरूले एमालेको ७८, माओवादी केन्द्रको ३२, जनमत पार्टीको छ, रास्वपाको २०, राप्रपाको १४ र जसपाको १२ सिटगरी १६२ पुग्ने देखिएको छ। कांग्रेस र एमाले मिल्ने हो भने सिधैं१६७ सिट हुन्छ। विभिन्न निर्वाचन क्षेत्रबाट जितेका स्वतन्त्र सांसदहरूको संख्या पाँच रहे पनि उनीहरू पनि विभिन्न समूह निकट रहेका छन्। त्यसैले स्वतन्त्रहरूको समर्थन जुटाउन प्रधानमन्त्री हुने नेताले ठूलै मूल्य चुकाउनुपर्ने हुन्छ।

हुन त १४ सांसद रहेको राप्रपाले सरकारमा नजाने भनेको छ भने १२ सांसद भएको जसपा सहजै सरकारमा जान सक्ने अवस्था छैन। किनकि जसपामा उपेन्द्र यादव माओवादी केन्द्रको पक्षमा र अशोक राई एमालेको पक्षमा देखिनुभएको छ। २० सांसद भएको रास्वपाका अध्यक्ष रवि लामिछानेले देउवा, ओली र प्रचण्डलाई पालैपालो भेटिरहनुभएको छ। तर, उहाँको पार्टी पनि सहजै सरकारमा सहभागी हुन सक्ने अवस्थामा छैन। उपरोक्त सबै घटनाक्रमहरूलाई केलाएर हेर्दा अन्ततः कांग्रेस र एमाले संयुक्त सरकार बनाउन बाध्य हुने देखिएको छ। खासमा मंसीर ४ ले दिएको जनादेश पनि त्यही नै हो। मंसीर ४ को निर्वाचनले कुनै पनि दललाई मात्र नभएर गठबन्धनलाई समेत बहुमत दिएको छैन। प्रदेशहरूको अंकगणितले पनि कांग्रेस र एमालेलाई मिल्न दबाब दिएको देखिएको छ।

नेपालको राष्ट्रिय राजनीतिमा जनादेशले मात्र काम गर्न नसक्ने अवस्था रहेको छ। पछिल्लो समयमा खासगरी माओवादी केन्द्रका अध्यक्ष दाहालको रहस्यमय दिल्ली भ्रमणपछि भारतीय शक्तिहरूले नेपालको सत्ता गठबन्धनभित्र आफ्नो अलग अस्तित्व देखाउन खोजेको देखिएको थियो। त्यसैका लागि पाँच दलीय सत्ता गठबन्धनभित्र माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको तीनदलीय उपमोर्चा बनाउन खोजिएको थियो। पछि जसपा सत्ता गठबन्धन छाडेर एमालेसँग चुनावी तालमेलमा गएपछि त्यो पनि असम्भव भयो। अबको अवस्थामा पुरानै सत्ता गठबन्धन नरहने निश्चित छ। फेरि पनि कांग्रेस र माओवादी केन्द्रसहितको सरकार गठन गर्न खोजियो भने कि त नेपाली कांग्रेस विभाजन हुन्छ कि भने नयाँ बन्ने सरकार दुई वर्षभन्दा बढी अगाडि बढ्न सक्दैन।



एमालेका अध्यक्ष केपी ओलीले आफूलाई छिमेकी चीननजिक र भारतविरोधि देखाउन खोजे पनि एमालेको संस्थापन पक्ष पनि अमेरिका निकट रहेको एमसीसी लगायतका प्रकरणले स्पष्ट गरेका छन्। त्यसैले पनि कांग्रेस र एमालेको संस्थापन पक्षका बीचमा नयाँ सरकार गठनका लागि बाध्यात्मक अवस्था सिर्जना हुन्छ। नेपालका सन्दर्भमा भारतले अस्थिर सरकार चाहेको देखिएको छ भने चीन र अमेरिकाले आ-आफ्नो स्वार्थका लागि भएपनि स्थिर सरकार चाहेको देखिएको छ। त्यो भनेको कांग्रेस र एमालेकै सरकार हो। घटनाक्रमहरूले माओवादी केन्द्रलाई फेरि संसद्मा प्रतिपक्षी दलको रूपमा रहेर आन्दोलनतर्फ धकेल्न खोजेको देखिएको छ। नेपालको संसदीय राजनीति धरापमा परेको सबैले स्वीकार गरेका छन्। नेपालमा लोकतान्त्रिक गणतन्त्र ल्याएको दाबी गर्नेहरूले नै संसदीय राजनीतिलाई धरापमा पारेका हुन्। यस्तै अवस्था रहेमा देशले फेरी नयाँ राजनीतिक बाटो लिनुपर्ने अवस्था पनि आउन सक्तछ। यो सबैले बुझ्नुपर्ने गम्भीर विषय हो। *घटना र विचार*

उपचार अभावमा ओछ्यानमा थलिएका चेम्जोङलाई सहयोग

□ युद्धबहादुर बोहोरा

पाँचथर, पुस ७। आर्थिक अभावका कारण समयमै उपचार गर्न नपाउँदा फाल्गुनन्द-५ का पूर्णबहादुर चेम्जोङको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ।

फात्तेप गाविसको साविक- ७ नम्बर वडास्थित कोप्चे निवासी (राँगापाला) भनेर चिनिने ६५ वर्षीय समाजसेवी चेम्जोङ प्यारालाईसीसको बिरामी भइ जीवनमरणको दोसाँधमा ओछ्यानमा छट्पटाइरहेका छन्। आर्थिक अवस्था कम्जोर हुँदा उपचार गर्न नसकेर ओछ्यानमै थलिन बाध्य भएका छन्। घरको सिकुवामा कोठा बारेको छ। त्यहीं उनी एउटा होचो सिरानीको टेकोमा सिरक ओढेर अचेत अवस्थामा सुतिरहेका पीडित बिरामीलाई कान्छो छोरा, श्रीमती र छोरीले स्याहारसुसार गर्दै उनको जीवन बचाउन गुहार मागिरहेका छन्।

न आफै खान सक्छन्, न दिशा पिसाबका लागि शौचालय नै जान सक्छन्। श्रीमती र छोराछोरीले नै उनको स्याहार गर्दै आएका छन्। उनको शरीर हाल एक पाटो राम्ररी चल्दैन। लामो समय राजनीति, समाजसेवा र कृषि पेशामा समेत सक्रिय रहेका चेम्जोङलाई रोगले ग्रस्त पारेपछि साथीभाई र सहकर्मी जो आए पनि अत्तोपत्तो छैन। बरु दयनीय अवस्थामा जीवनको अन्तिम सास फेरिरहेका छन् उनी औछ्यानमा सुतेर।

करिब तीन वर्ष अगाडिदेखि स्वास्थ्य कमजोर भएपछि न्युरो अस्पताल विराटनगर लगिएको थियो।

चिकित्सकले पूर्ण उपचारको लागि १० देखि २० लाखसम्म खर्च लाग्ने बताएपछि खर्च अभावमा राम्रो उपचार नभई घर फिर्ता हुनु परेको छोरी बिमलाले बताइन्। दुई लाखभन्दा बढी रकम ऋण गरेर उपचारमा पुऱ्याइयो, तर सामान्य उपचार गर्दा मात्रै सबै रकम सकियो। त्यसबेला सामान्य ठीक हुँदै आएका थिए। फेरि, निरन्तरता दिन नसकेकोले सम्स्या थपिएको उनले बताइन्। उनी भन्छिन्- 'स्थानीय क्षेत्रमा उपचार सम्भव नभएकाले झापाका विभिन्न अस्पताल लगियो। त्यसपछि डाक्टरको सल्लाह अनुसार ठूलो आस्पताल लगेपनि खर्च पुऱ्याउन सकिएन। अरुसँग सापटी मागरे लगेको रकम समेत तिर्न नसकेको अवस्था छ के गर्नु ? आफ्नो बुबाको उपचार गर्न नसकेकोमा हाम्रो परिवार अत्यन्तै दुखित छौं।'

उनको जेठा दाजु घर बाहिर छन्। कान्छो भाइ घरमै बुबाको स्याहारमा र वेरोजगारी पनि। 'आमा घर-व्यवहार र बुबाको हेरचाहमा व्यस्त हुनुहुन्छ। म बाल शिक्षा पढाएर घरको दैनिकी दुःखले टारेकी छु' - भावुक हुँदै उनले दुखेसो पोखिन्। उनको बुबाको उपचारको लागि मोबाइल नम्बर ९८१५०९६५०५ मा सम्पर्क गरी इच्छुकले आर्थिक सहयोग गरिदिन पनि उनले आग्रह गरेकी छिन्।

यसैबीच, उनको परिवारलाई उपचार सहयोग होस् भन्ने हेतुले हङ्कङ्गमा रहेका आफ्ना दाजुभाइद्वारा आर्थिक सहयोग संकलन गरी महिला वडा सदस्य गंगा (थेवे) चेम्जोङको हातबाट स्थानीय चेम्जोङ दाजुभाइहरुको उपस्थितिमा परिवारलाई हस्तान्तरण गरिएको छ। समाजसेवी वीरनरसिंह चेम्जोङको पहलमा हङ्कङ्गमा रहेका फाल्गुनन्द- ५ निवासी भूपेन्द्र चेम्जोङ लगायत अन्य दाजुभाइबाट जम्मा भएको रकम ६४ हजार तीन सय ५० रुपैयाँ हस्तान्तरण गरिएको समाजसेवी तथा शिक्षक वीरनरसिंह चेम्जोङले जानकारी दिए।

हाल ओछ्यानमा थलिएका चेम्जोङ तत्कालीन संघीय समाजवादी फोरम नेपाल, पाँचथरको जिल्ला उपाध्यक्ष, किराँत भाषा तथा साहित्य उत्थान संघ पाँचथरको अध्यक्ष र टीका भैरुङ आधारभूत विद्यालयको व्यवस्थापन समिति पूर्व अध्यक्ष समेतको कार्यभार पूरा गरेका छन्।

शिक्षक झालाई पितृशोक

दुर्गापुर, पुस ७। कनकाई नगरपालिका-७ दुर्गापुरस्थित भृकुटी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक नन्दकिशोर झालाई पितृशोक परेको छ।

झाका ९५ वर्षीय पिता महेन्द्रनारायण झाको निधन भएको हो। हृदयरोगका कारण उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ। बिर्तामोडका स्थायीबासिन्दा सहायक प्रधानाध्यापक झा २०३८ सालदेखि आदर्श विद्यामन्दिर मावि घैलाडुब्बाबाट शिक्षण सेवामा प्रवेश गरी हाल भृकुटी माविमा माध्यमिक तहको गणित विषयका स्थायी शिक्षक हुन्।

स्व. झाका श्रीमती गोदावरीदेवी, छोराहरु नन्दकिशोर, जयकिशोर, अवधकिशोर तथा छोरीहरु किरण, कविता र सविता रहेका छन्। झाको निधनको स्मृतिमा भृकुटी माध्यमिक विद्यालय परिवारले प्रधानाध्यापक चण्डिकाप्रसाद उपाध्यायको नेतृत्वमा झा कै निवास बिर्तामोडमा शोकसभाको समेत आयोजना गरेको छ।

लोकबहादुरको उपचारमा आर्थिक अभाव

अर्जुनधारा, पुस ७। उपचारमा आर्थिक अभाव भएको भन्दै अर्जुनधारा-३ स्थित झोडाका लोकबहादुर तामाङले आर्थिक सहयोग गरिदिन हुन आग्रह गरेका छन्।

बिर्तामोडस्थित बी एण्ड सी अस्पतालमा उपचाररत् तामाङको स्वास्थ्यमा क्रमिक सुधार हुँदै गएको र पूर्णरुपमा निको हुन केही समय लाग्ने हुनाले उपचारमा धेरै रकम लाग्ने भएको भन्दै तामाङ परिवारले सहयोगको याचना गरेको हो।

मुटु, फोक्सो तथा पिसाबमा इन्फेक्सन भएपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। ४२ वर्षीय तामाङको उपचारमा हालसम्म तीन लाखभन्दा बढी रकम खर्च भइसकेको श्रीमती कुसुम तामाङले जानकारी दिइन्।

आर्थिक अवस्था अत्यन्तै कमजोर भएको भन्दै उनले सहयोगी दाताहरुलाई सहयोग गरेर आफ्नो श्रीमान बचाइदिन आग्रह गरिन्। तामाङलाई सहयोग गर्न चाहनेले ९८२६९०६०८२ नम्बरमा सम्पर्क गरेर सहयोग गर्न सकिने बताइएको छ। तामाङका एक छोरी र एक छोरा रहेका छन्।

लागूऔषधसहित पक्राउ

झापा, पुस ७। प्रहरीले लागूऔषधसहित झापाको मेचीनगर-१० कनिष्का धर्मकाटा नजिकैबाट एक व्यक्तिलाई पक्राउ गरेको छ ।

ब्राउन सुगर जस्तो देखिने पदार्थ ४५ ग्रामसहित भारत घर भएका २३ सारदीन महमदलाई प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनलाई पक्राउ गरेको हो ।

उता काठमाडौं महानगरपालिका-४ शंखपार्कबाट अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थ करिब एक सय ग्रामसहित ओखलढुंगा खिजिदेम्बा गाउँपालिका-९ घर भएका २४ वर्षीय काजी शेर्पा पक्राउ परेका छन् ।

चेकिङमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा पठाओ मोटरसाइकलमा सवार शेर्पाको साथबाट ६० ग्रामसहित फेला पारी थप अनुसन्धान गर्ने क्रममा उनी बस्ने गेष्ट हाउसको कोठाबाट थप ४० ग्राम र नगद छ हजार पाँच सय रूपैयाँसहित उनलाई पक्राउ गरेको हो । पक्राउ परेका उनीहरु उपर कारवाही अघि बढाइएको बताइएको छ ।

राम-जानकीमा विकल्प

बुधबारे, पुस ७। राम-जानकी मन्दिर बुधबारेको अध्यक्षमा टंक काफ्ले 'विकल्प' चयन भएका छन् ।

मन्दिरको २५औं वार्षिक साधारणसभाबाट अध्यक्षमा विकल्प सर्वसम्मत चयन भएका छन् । समितिको उपाध्यक्षमा भगवती न्यौपाने, सचिवमा जय भण्डारी, कोषाध्यक्षमा केशव सापकोटा चयन भएका छन् भने सदस्यहरुमा उषा अधिकारी, माधव अर्याल, यानु न्यौपाने, विष्णु मैनाली, सीता न्यौपाने, गंगा आचार्य, दुर्गा दंगाल, ऋषिकेश भुषाल, जीतबहादुर श्रेष्ठ र छत्र बिष्ट चयन भएका छन् ।

विधान बमोजिम दुई जना कार्यसमिति सदस्य र लेखासमिति नयाँ कार्यसमितिद्वारा मनोनयन गरिने बताइएको छ । राम-जानकी मन्दिरको सभाहलमा आयोजित साधारणसभा संस्थाका निवर्तमान अध्यक्ष वेनुप्रसाद संग्रौलाको अध्यक्षतामा भएको कार्यक्रम गाउँपालिका अध्यक्ष मनोजकुमार प्रसाईको प्रमुख आतिथ्यमा भएको थियो ।

मन्दिरका उपाध्यक्ष विकल्पले स्वागत गरेको कार्यक्रममा आर्थिक प्रतिवेदन कृष्ण श्रेष्ठले प्रस्तुत गरेका थिए । कार्यक्रममा बुद्धशान्ति गाउँपालिका वडा नं. १ का वडाध्यक्ष अनिल वाग्ले, श्री कृष्ण

प्रणामी मन्दिरका अध्यक्ष केदारप्रसाद कोइराला, हातेमालो सहकारीका अध्यक्ष गोविन्द पौडेल, लक्ष्मीनारायण मन्दिरका सचिव दुर्गादेवी खतिवडा लगायतको आतिथ्य रहेको थियो ।

कमला ढकालको पुण्य स्मृतिमा मन्दिर परिसरमा सटर निर्माण गरिदिने दाताहरुलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो । कार्यक्रममा सटर निर्माण गर्ने दाता राजु संग्रौलालाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन मन्दिरका सदस्य जय भण्डारीले गरेका थिए ।

मौरीले चिलेर भट्टको निधन

पथरी, पुस ७। मोरङको कानेपोखरी- ५ स्थित भौंसाबारी चोकमा मौरीले चिलेर पूर्व शिक्षकको मृत्यु भएको छ भने अन्य चार जना घाइते भएका छन् ।

वडा नं. ५ निवासी पूर्व शिक्षक समेत रहेका ८४ वर्षीय टिकाराम भट्टको मौरीले टोकेर मृत्यु भएको हो । मृतक भट्ट सोही पालिकाको बयरवन बजारस्थित जनता आधारभूत विद्यालयको पूर्व शिक्षक थिए ।

भौसाबारी चोकमा चिया पिउन निस्कदा भट्टलाई मौरीले चिलेपछि सक्त घाइते भएका थिए । भट्टको वडा नं. ६ स्थित रमाइलो चोकमा रहेको २४ घण्टे क्लिनिकमा उपचारको क्रममा मृत्यु भएको इप्रका पथरीका प्रहरी नायव उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले बताए । मृतक भट्टसँगै मौरीले चिलेर घाइते भएका अन्य भौसाबारी चोकका २५ वर्षीय भुखलाल ऋषिदेव, २० वर्षीय जेनिशा राजवंशी, ६८ वर्षीय झवर यादव र ३९ वर्षीय मानवहादुर सुनुवार रमाइलो चोकका क्लिनिकमा उपचारपछि घर फर्किएका पथरी प्रहरीले जनाएको छ ।

वार्षिकोत्सवमा वर्ष उत्कृष्ट शिक्षक कटुवाल पुरस्कृत

दुर्गापुर, पुस ७। भृकुटी माध्यमिक विद्यालय, कनकाई नपा-७ दुर्गापुरको ६५औं वार्षिकोत्सव तथा अभिभावक दिवशको अवसरमा शिक्षक पूर्णबहादुर कटुवाललाई 'वर्ष उत्कृष्ट शिक्षक' पुरस्कार प्रदान गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुशल न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि कनकाई शिक्षा शाखा प्रमुख उपसचिव पिताम्बर गौतमद्वारा विद्यालयमा आयोजित समारोहमा शिक्षक कटुवाललाई नगद पुरस्कारसहित प्रमाण प्रदान गरी सम्मान गरिएको हो ।

समाजशास्त्र विषयमा स्नातकोत्तर शिक्षक कटुवाल २०५४ सालदेखि सो विद्यालयमा अंग्रेजी तथा समाजशास्त्र विषय प्राध्यापन गर्दछन् । बिर्तामोडबाट प्रकाशन भइरहेको पूर्वको लोकप्रिय दैनिक पत्रिकामा समेत उनी २०६३ सालदेखि आवद्ध भई स्तम्भ लेखन र समाचारदाताको रुपमा कलम चलाइरहेका छन् । शैक्षिक र सामाजिक क्षेत्र उनको पत्रकारिताका क्षेत्र हुन् ।

सो वार्षिकोत्सव समारोहमा विद्यालयका प्रधानाध्यापक चण्डिकाप्रसाद उपाध्यायले विद्यालयको गतिविधिवारे प्रकास पारेका थिए । कार्यक्रममा शिक्षक योगराज खनालले सामाजिक लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विद्यालयमा आयोजित खेलकुद तथा सांस्कृतिक कार्यक्रममा सहभागि भइ उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार समेत प्रदान गरिएको थियो । कार्यक्रमको सञ्चालन शिक्षक डिल्लीराम परदेशी चापागाँईले गरेका थिए ।

सुरुङ्गामा भेट्रान कपको तयारी

सुरुङ्गा, पुस ७। कनकाई नगरपालिका-३ स्थितकनकाई माविको खेल मैदानमा हुने दोस्रो कनकाई भेट्रान कपको तयारी पूरा भएको आयोजक समिति कनकाई भेट्रान क्लवले पत्रकार सम्मेलनको आयोजना गरी जानकारी गराएको छ ।

क्लवका अध्यक्ष श्यामकुमार राईले प्रतियोगिताको तयारी पूरा भइसकेको र प्रतियोगिता सम्पन्न गर्न कूल छ लाख २२ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको समेत जानकारी दिए । प्रथम पुरस्कार एक लाख एक हजार रुपैयाँ कनकाई नगरपालिकाबाट प्राप्त हुने र दोस्रो पुरस्कार राशि झापा क्षेत्र नं. ४ का संघीय सांसद एलपी साँवाबाट प्राप्त हुने समेत जानकारी दिए ।

कनकाई नगरपालिकाका-९ वटै वार्डबाट समेत एक लाखभन्दा बढी नगद सहयोग भएको प्रतियोगितामा पानीको लागि सेल्फीडाँडा सञ्चालक समितिबाट २० हजार बराबरको पानी उपलब्ध हुने भएको छ ।

प्रतियोगितामा प्रदेश नम्बर १ भरका आठ वटा टिमको सहभागिता रहेको छ । कनकाई भेट्रान क्लवको पहिलो संस्करण आयोजकले जितेको थियो । पत्रकार सम्मेलनमा आयोजक समितिका पूर्व अध्यक्ष र सल्लाहकार समिति सदस्य, आयोजक समिति पदाधिकारी र सदस्यहरुको उपस्थिति रहेको थियो । आयोजक र बिर्तामोड भेट्रानबीच ९ गते उद्घाटन खेल हुनेछ ।

प्रतियोगिता सम्पन्न गर्न विभिन्न सात वटा उपसमिति निर्माण गरिएको संस्थाका सचिव रमेश मैनालीले जानकारी दिए । आर्थिक उपसमिति संयोजकमा सन्तोष लिम्बू, मञ्च व्यवस्थापनमा संयोजक संस्थाका सचिव रमेश मैनाली, स्वयम्सेवक परिचालन समिति संयोजकमा संस्थाका उपाध्यक्ष अखिल गिरी, अतिथि सत्कारमा राजेन्द्रप्रसाद खतिवडा, प्रचार-प्रसार समिति संयोजकमा सागर गौतम, मैदान व्यवस्थापन समिति संयोजकमा दिलकुमार कार्की, टिम व्यवस्थापन समिति संयोजकमा लिलु गिरी रहेको सचिव मैनालीले जानकारी दिए ।

स्वरोजगारका कर्मचारी काममा

कमल, पुस ७। कमल गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउनु शुरु गरेको छ ।

चालू आ.व.मा गाउँपालिकामा सूचीकृत भएका कामदारहरुमध्ये पहिलो पटक पाँच जना श्रमिकलाई काममा खटाइएको गाउँपालिकाले जनाएको छ । पहिलो पटक गाउँपालिकाको कम्पाउण्ड वाल मर्मतका लागि कामदारलाई काममा खटाइएको हो ।

चालू आ.व.मा गाउँपालिकामा छ सय २८ जना श्रमिक सूचीकृत गराए पनि मन्त्रालयबाट ८० जना कामदारलाई मात्र खटाउन पुग्न बजेट पठाएकोले यो वर्ष अधिकतम् ८० जना कमदारलाई मात्र काममा खटाउन सकिने कमल गाउँपालिकाका रोजगार संयोजक भरतचन्द्र तिवारीले जानकारी गराए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा

घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-४९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मिति २०७९/०९/०८

कनकाई नगरपालिका, प्रदेश नं १, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	कनकाई नगरपालिका जामुनबारी, झापा, प्रदेश नं. १, नेपाल फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com
प्रस्तावको व्यहोरा	सन्काहा खोला किनार क्षेत्रबाट संकलन तथा उत्खनन् हुने बालुवा सम्बन्धी
प्रभाव पर्न सक्ने जिल्ला नगरपालिका र वडा	कनकाई नगरपालिका वडा नं. २, प्रदेश नं. १

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक प्रणाली, जैविक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कनकाई नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

रायसुझावको लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाता
कनकाई नगरपालिका जामुनबारी, झापा, प्रदेश नं. १, नेपाल फोन : ०२३-४०११५५ इमेल:kanakai.mun@gmail.com	नाम: नेचर कन्सल्टीङ्ग सर्भिस ठेगाना: बागमती प्रदेश, सिफल, काठमाडौं, नेपाल फोन: ०१-६६३७११४ इमेल:natureconsultingservice@gmail.com

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
आजको दिन फलदायी रहेको छ, चिट्ठा तथा उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले तपाईको मन प्रशन्न रहनेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
तपाइँको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, तपाईको मन प्रशन्न रहला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
समय सापेक्षित रहेको छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, तपाईको आज मन प्रशन्न रहला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, प्रेमको डोरो कसिलो हुनेछ ।